# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८ ) काठमाडौं, असार २७ गते २०४५ साल ( संख्या १३


## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी विदेशी सप्लायर्स, फर्म, कम्पनी वा व्यक्तिको स्थानीय एजेण्ट वा प्रतिनिधि भई कमिशन आय आर्जन गर्ने करदाताहरूमध्ये सम्बन्धित कर कार्यालयका कार्यालय प्रमुखले तोकिदिएका करदाताहरूको खुद आय निर्धारण गर्न देहायबमोजिमको आय निर्धारण समिति गठन गरेको छ ।

१. समितिको गठनविधि

(क) प्रमुख कर अधिकृत श्री नारायण सिलवाल — अध्यक्ष

(ख) भन्सार कार्यालय भएका जिल्लाका स्थानीय भन्सार कार्यालय प्रमुख — सदस्य

(ग) स्थानीय कर कार्यालयका कार्यालय प्रमुख — सदस्य

(घ) अर्थ मन्त्रालय राजश्व अनुसन्धान महाशाखाको प्रतिनिधि (उप-सचिव स्तर) — सदस्य

२. समितिको कार्यावधि

समितिको कार्यावधि राजपत्रमा सूचना प्रकाशित भएको मितिदेखि २०४५ चैत्र मसान्तसम्म रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।